भीरकोट नगरपालिका
५ नं. वडा कार्यालय
तिलहारनेटा, स्याङ्जा ।
गण्डकी प्रदेश

पत्र सं.: ०७५।०७६
चलानी नं.: ४५४

मिति : २०७५।०९।१७

## सूचना ! सूचना !! सूचना !!!

यस भीरकोट नगरपालिका वडा नं. ५ कार्यालय भवन स्थापना एवं भवन निर्माण गर्नका लागि जग्गा प्राप्ती गर्नुपर्ने भएकोले देहायका मापदण्डहरुका आधारमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र यस कार्यालयमा प्रस्ताबीत जग्गाको सम्पुर्ण विवरण सहितको कागजात पेश गर्नुहुन अनुरोध छ ।

### मापदण्डहरु :

क) वडा कार्याललाई प्राप्त हुने जग्गा सके सम्म नि:शुल्क प्राप्त हुनुपर्ने न्युनतम मुल्य कायम गरेर उपलब्ध हुने भएमा सो समेत खुलाई निर्णय सहित कागजपत्र उपलब्ध गराउनु पर्ने ।

ख) जग्गा वडाको केन्द्र भागमा हुनुपर्नेछ र वडाका जनतालाई सेवा प्रवाह गर्न एवं सेवा प्राप्त गर्न सहज हुने प्रकृतिको हुनुपर्नेछ । साथै वडा नं ५ को केन्द्र तिलाहार नेटा करिब १५० मिटर आसपासको स्थानमा हुनुपर्नेछ ।

ग) जग्गाको अवस्थिति लोकेसन प्लट मिलेको भवन संरचना निर्माण गर्दा उपयुक्त हुने जग्गाको प्लट मिलाउदा मिल्ने प्रकृतिको कम खर्चमा प्लट मिलाउन सकिने हुनुपर्ने ।

घ) जग्गामा सडकको पहुँच सहज एवं आफ्नै बाटो भएको निकास सहज रुपमा आवगमन गर्न सकिने हुनुपर्नेछ ।

ङ) जग्गा वडाको आफ्नै नाममा ल्याउन एवं जग्गा धनि प्रमाण पुर्जा वडाको नाममा सहज रुपमा हुने हुनुपर्नेछ ।

च) जग्गासम्मको खानेपानीको व्यवस्था, विद्युतको व्यवस्था, ढल निकासको व्यवस्था, संचार नेटवर्कको व्यवस्था सहज रुपमा कम खर्चमा गर्न सकिने हुनुपर्नेछ ।

छ) जग्गाको क्षेत्रफल वडाका प्रस्तावित संरचनाहरु निर्माण गर्न, संचालन गर्न, पार्किङ्ग, गार्डेनिङ्ग, कम्पाउण्ड, वाल निर्माण गर्न उपयुक्त हुने प्रकृतिको कम्तीमा ५ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ ।

ज) जग्गा वस्तीबाट नजिक सुरक्षाका दृष्टिकोणले सुरक्षीत तथा अन्य सरोकारवाला कार्यालयहरु स्थापना हुँदा उनीहरुसंग समन्वय गर्न सहज हुने स्थानमा हुनुपर्ने ।

झ) जग्गा बाढी पहिरो, आगलागी लगायतका प्रकृतिक प्रकोपबाट समेत सुरक्षीत क्षेत्र हुनुपर्ने ।

..................
यामप्रसाद अधिकारी
वडा अध्यक्ष